# टोल एवम् घरमैं गई आधारभूत सेवा सञ्चालन गर्ने कार्यविधि, २०८०

**प्रस्तावना:** सार्वजनिक विदा र कार्यालय समय बाहेकको समयमा समेत टोल/टोलबाटै कृषि एवम् पशुपंक्षी सेवा वितरण गर्ने भनी तीनपाटन गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनबाट पारित नीति तथा कार्यक्रमको क्रमशः बुँदा नम्बर (१च.) र (११) ले गरेको व्यवस्था र क्यान्सर, मृगौलाको डायलाइसिस, ओपन हार्ट सर्जरी गरी भएका मुटु रोगी, प्यारालाइसिस जस्ता गम्भीर प्रकृतिका रोग लागि घरमैं वसी औषधि सेवन गरी रहेका विरामी नागरिकहरुको स्वास्थ्योपचारमा महिनामा कम्तीमा एकपटक स्वास्थ्यकर्मी घरमैं गई हेरचाह गर्न तीनपाटन गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनबाट पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (३८) ले व्यवस्था गरेको कार्यक्रम समेत कार्यान्वयनमा लैजानका लागि तीनपाटन गाउँपालिकाको विनियोजन ऐन, २०८० को दफा ५ ले दिएको अधिकार प्रयोग गरी तीनपाटन गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "टोल एवम् घरमैं गई आधारभूत सेवा सञ्चालन गर्ने कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तीनपाटन राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ।

२. **परिभाषा र व्याख्या:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आधारभूत सेवा" भन्नाले टोल/टोलमा गई कृषि एवम् पशु सेवा प्राविधिकवाट उपलब्ध हुने कृषि एवम् पशुपंक्षी सेवालाई सम्झनुपर्छ र सो शब्दले क्यान्सर, मृगौलाको डायलाइसिस, मुटुको सर्जरी गरेका मुटु रोगी, प्यारालाइसिस जस्ता गम्भीर प्रकृतिका रोग लागि औषधि सेवन गरी रहेका विरामी नागरिकहरुको घरमैं गई स्वास्थ्यकर्मी मार्फत् गरिने आधारभूत स्वास्थ्य चेकजाँच सहितको स्वास्थ्य सेवा समेतलाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(घ) "कार्यविधि" भन्नाले टोल एवम् घरमैं गई आधारभूत सेवा सञ्चालन गर्ने कार्यविधि, २०८०" लाई सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीलाई सम्झनुपर्छ।

(च) "वडा" भन्नाले तीनपाटन गाउँपालिकाको कुनैपनि वडालाई सम्झनुपर्छ।

**तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।३१ गते बसेको बैठकले प्रस्तुत कार्यविधि पारित गरेकाले प्रमाणीकरण गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**गाउँपालिका अध्यक्ष**
**मितिः २०८०।०४।३२**

Scanned with CamScanner

(छ) **"स्वीकृत बजेट"** भन्नाले सभाद्वारा एवम् कार्यपालिकाद्वारा स्वीकृत टोल/टोलमा कृषि एवम् पशुपंक्षी सेवा र घरमैं स्वास्थ्यकर्मी कार्यक्रमका लागि प्रत्येक आ.व. मा विनियोजित बजेटलाई सम्झनुपर्छ।

(ज) **"सभा"** भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभालाई सम्झनुपर्छ।

**३. <u>आधारभूत सेवा सञ्चालनको सिफारिस वडाले गर्नुपर्नेः</u>** (१) गाउँपालिका क्षेत्रभित्रका कुनैपनि वडाको सकभर विकट स्थानमा रहेका नागरिकहरुका लागि यस कार्यविधि वमोजिम उपलब्ध गराइने आधारभूत सेवा (कृषि र पशुपंक्षी सेवा) आवश्यक छ भनी सम्वन्धित वडाले आधारभूत सेवा सञ्चालन गर्ने शाखामा सिफारिस गरी पठाउनु पर्नेछ।

तर, स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमको हकमा उपरोक्त वमोजिमको सिफारिस नभए पनि सेवा सञ्चालन गर्न बाधा पर्ने छैन।

**४. <u>आधारभूत सेवा सञ्चालनको कार्ययोजना तयार गरी स्वीकृत गर्नुपर्नेः</u>**

(१) दफा ३ वमोजिम आधारभूत सेवा उपलब्ध गराउनका लागि सम्बन्धित वडावाट सिफारिस भई आएमा आधारभूत सेवा सञ्चालन गर्ने शाखाले अनुसूची १ वमोजिमको ढाँचामा कार्ययोजना तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) वमोजिम शाखावाट पेश हुन आएको कार्ययोजना स्वीकृतीको सिफारिस सहित अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिम पेश हुन आएको कार्ययोजनाको अन्तिम स्वीकृती अध्यक्ष स्तरको निर्णयवाट हुनेछ।

**५. <u>आधारभूत सेवा सञ्चालनबाट उपलब्ध हुने सेवाहरुः</u>** यस कार्यविधि वमोजिम प्रदान गरिने आधारभूत सेवामा देहायमा उल्लिखित सेवाहरु उपलब्ध गराउन सकिनेछः

क. <u>कृषि सेवा तर्फः</u>

(१) कृषक लक्षित तालिम,

(२) वीउ/विज उत्पादन तथा वितरण,

(३) विषादी तथा औषधि वितरण,

(४) माटो ल्याव परीक्षण,

(५) वाली विमासँग सम्बन्धित सचेतना,

**तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।३१ गते बसेको बैठकले प्रस्तुत कार्यविधि पारित गरेकाले प्रमाणीकरण गरेको छु।**

**(कृष्ण बहादुर मगर)**
**गाउँपालिका अध्यक्ष**
**मितिः २०८०।०४।३२**



Scanned with CamScanner

(६) महामारी रोकथाम तथा नियन्त्रणसँग सम्वन्धित कार्यक्रम एवम् क्रियाकलाप, आदि।

ख. पशु सेवा तर्फः

(१) पशुपंक्षी पालक कृषक लक्षित तालिम,

(२) पशुपंक्षीको उपचार र बन्ध्याकरण,

(३) ल्याब सेवा,

(४) पशु विमा सम्बन्धी सचेतना,

(५) महामारी रोकथाम तथा नियन्त्रणसँग सम्वन्धित कार्यक्रम एवम् क्रियाकलाप,

ग. स्वास्थ्य तर्फः

(१) क्यान्सर, मृगौलाको डायलाइसिस, मुटु रोगी, प्यारालाइसिस जस्ता गम्भीर प्रकृतिका रोग लागेका व्यक्तिको घरमैं गई सामान्य स्वास्थ्य जाँच एवम् परीक्षण र अत्यावश्यक औषधि वितरण,

(२) प्राकृतिक एवम् गैर प्राकृतिक प्रकोपका कारण विरामी भएका व्यक्तिको सामान्य स्वास्थ्य जाँच एवम् परीक्षण र अत्यावश्यक औषधि वितरण,

(३) असहाय गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य जाँच,

(४) क वर्गका अपाङ्गता भएका व्यक्तिको घरमै गई सामान्य स्वास्थ्य जाँच,

(५) ९० वर्ष माथिका ज्येष्ठ नागरिकको घरमैं गई सामान्य स्वास्थ्य जाँच,

(६) कार्यपालिकाले तोके बमोजिम।

**६. आधारभूत सेवा सञ्चालनमा परिचालन हुने जनशक्तिलाई सामाग्री सहित प्रोत्साहन सुविधा उपलब्ध गराइनेः** यस कार्यविधि वमोजिम प्रदान गरिने आधारभूत सेवामा परिचालन हुने जनशक्तिलाई देहाय वमोजिमको सीमाभित्र रहेर आवश्यक आधारभूत सामाग्री र प्रोत्साहन सुविधा उपलब्ध गराइनेछः

क. कृषि र पशु सेवा तर्फः

(१) खाना तथा खाजा खर्च वापत् प्रति दिन एकमुष्ठ एक हजार रुपैंया,

(२) यातायात खर्च वापत् एकमुष्ठ चार सय रुपैंया।

ख. स्वास्थ्य सेवा तर्फः

(१) प्रति विरामी एकमुष्ट दुई सय रुपैंया,

**तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।३१ गते बसेको बैठकले प्रस्तुत कार्यविधि पारित गरेकाले प्रमाणीकरण गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**गाउँपालिका अध्यक्ष**
**मितिः २०८०।०४।३२**

(२) यातायात खर्च मासिक पन्ध्र सय रुपैंया

**७. <u>प्रोत्साहन सुविधा पाउने जनशक्तिले अनिवार्य प्रतिवेदन पेश गर्नुपर्नेः</u>**

(१) दफा ६ को खण्ड (क) बमोजिम प्रोत्साहन सुविधा पाउने जनशक्तिले अनुसूची २ र दफा ६ को खण्ड (ख) बमोजिमको प्रोत्साहन सुविधा पाउने जनशक्तिले अनुसूची ३ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश नगर्ने जनशक्तिलाई यस कार्यविधिले व्यवस्था गरे बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराइने छैन।

**८. <u>आधारभूत सेवा सञ्चालनको विवरण अध्यावधिक गरी सार्वजनिक गर्नुपर्नेः</u>** (१) आधारभूत सेवा उपलब्ध गराउने शाखाले यस कार्यविधि बमोजिम उपलब्ध गराइएको आधारभूत सेवाको प्रगती सहितको अन्य विवरण प्रत्येक त्रैमासिकमा फेसवुक पेज र वेभसाइटवाट ढाँचामा सार्वजनिक गर्नु पर्नेछ।

**९. <u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१०. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन आई परेमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा अड्चन फुकाउन सक्नेछ।

<u>अनुसूची १</u>

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

<u>टोल/टोलमै कृषि एवम् पशुपंक्षी सेवा कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाको ढाँचा</u>

| | |
|---|---|
| कार्यक्रमको नाम | |
| कार्यक्रम सञ्चालनको लागि सिफारिस गर्ने वडाको नाम र सिफारिस मिति | |
| कार्यक्रमको संक्षिप्त पृष्ठभूमि, औचित्य र आवश्यकता | |
| कार्यक्रम सञ्चालन हुने स्थान र मिति | |
| कार्यक्रम सञ्चालनका लागि चाहिने जनशक्तिको योग्यता सहितको विवरण | |
| कार्यक्रममा चाहिने स्रोत/सामाग्रीको | |

**तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।३१ गते बसेको बैठकले प्रस्तुत कार्यविधि पारित गरेकाले प्रमाणीकरण गरेको छु।**

तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली, बागमती प्रदेश, २०७३

**(कर्ण बहादुर मगर)**
**गाउँपालिका अध्यक्ष**
**मितिः २०८०।०४।३२**

| | |
|---|---|
| विवरण | |
| कार्यक्रमबाट हासिल हुने अपेक्षित उपलब्धिहरु | |

कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमको लागत अनुमान तयार हुन आएको छ।

| क्र.सं. | क्रियाकलाप | इकाई | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित कार्ययोजना बमोजिमको कार्यक्रम सञ्चालन गर्न सभा/कार्यपालिकाबाट आर्थिक वर्ष ................ मा रु. ............................................ बजेट विनियोजन भएको र रु. ............................. बजेट बाँकी देखिएकाले उल्लिखित लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न मनासीव देखि निर्णयका लागि पेश गरेको छु।

| ............................... | ............................ | ............................ |
|---|---|---|
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका अध्यक्ष |
| तयार गर्ने | पेश गर्ने | स्वीकृत गर्ने |

## अनुसूची, २

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

(आधारभूत सेवा प्रवाहमा खटिने कृषि र पशुसेवाका जनशक्तिले गर्ने प्रतिवेदनको ढाँचा)

मितिः २० । ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

तीनपाटन गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार, सिन्धुली।

विषयः प्रतिवेदन पेश गरेको।

प्रस्तुत विषयमा टोल एवम् घरमैं गई आधारभूत सेवा सञ्चालन गर्ने कार्यविधि, २०८०" बमोजिम मिति २० । । मा स्वीकृत कार्ययोजना बमोजिम मिति २० । ।

**तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।३१ गते बसेको बैठकले प्रस्तुत कार्यविधि पारित गरेकाले प्रमाणीकरण गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**गाउँपालिका अध्यक्ष**
**मितिः २०८०।०४।३२**



Scanned with CamScanner

गतेका दिन ......नं. वडाको ...................................... टोल/गाउँमा गई ..................................
नामक कार्यक्रम सञ्चालन गरी आएको/आएका छु/छौं। कार्यविधिको दफा ७ मा व्यवस्था भए वमोजिम सञ्चालित कार्यक्रमको प्रतिवेदन देहाय वमोजिम पेश गरेको/गरेका छु/छौं।

देहायः

| | |
|---|---|
| कार्यक्रमवाट लाभ पाउने लाभग्राहीको संख्या | |
| कार्यक्रममा खर्च भएको जम्मा रकम | |
| कार्यक्रममा वितरित सेवाको संक्षिप्त विवरण (सामाग्री खर्च भए सो समेत उल्लेख गर्ने) | |
| कार्यक्रमवाट हाँसिल भएको उपलब्धि | |
| कार्यक्रममा देखिएको समस्या | |
| अवका दिनमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न चाल्नुपर्ने कदमहरु | |
| कार्यक्रमप्रति स्थानीय लाभग्राहीहरुको धारणा | |
| अन्य कुनै विषय भए सो उल्लेख गर्ने | |

प्रतिवेदक
१
२

संलग्न गर्नुपर्ने कागजात

-कार्यक्रम सम्पन्न भएको भनी सम्वन्धित वडाले गरी दिएको सिफारिस पत्र।
-कार्यक्रम सञ्चालन भएको फोटोहरु।

**तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।३१ गते बसेको बैठकले प्रस्तुत कार्यविधि पारित गरेकाले प्रमाणीकरण गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**गाउँपालिका अध्यक्ष**
**मितिः २०८०।०४।३२**



Scanned with CamScanner

## अनुसूची ३
### (कार्यविधिको दफा ७ सँग सम्वन्धित)
(घरमैं स्वास्थ्यकर्मी कार्यक्रममा खटिने स्वास्थ्यकर्मीले राखे अभिलेख र गर्ने प्रतिवेदनको ढाँचा)

लाभग्राहीको नाम, थरः ठेगानाः तीनपाटन गाउँपालिका, .....नं. वडा
उमेरः लिङ्गः लाभग्राहीको नेपाली नागरिकता वा/जन्मदर्ताको प्रमाणपत्र नं.
लाभग्राहीको संरक्षकको नाम, थरः सम्पर्क नम्बरः
९० वर्षमाथिका ज्येष्ठ नागरिक वा "क" वर्गको अपाङ्गता परिचयपत्र प्राप्त व्यक्ति भए परिचयपत्र नम्बरः

**लाभग्राहीको सामान्य स्वास्थ्य जाँच एवम् परीक्षण गर्दा देखिएको नतिजा सम्बन्धी विवरणः**

| Date | BP | PULSE | SPO2 | TMP | Blood Sugar | Urine Analysis | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | Sugar | Protein | Albumin | Ketone |
| | | | | | | | | | |

**सामान्य स्वास्थ्य जाँच तथा परीक्षण पश्चात् देखिएको समस्या तथा दिइएको सुझाव सम्बन्धी विवरणः**

| | |
|---|---|
| देखिएको समस्याः | |
| दिइएको सुझावः | |
| अघिल्लो पटक दिइएको सुझाव कार्यान्वयन भए/नभएको के छ, सो उल्लेख गर्नेः | |

घरमैं आइ स्वास्थ्य जाँच एवम् परीक्षण गर्ने-
स्वास्थ्यकर्मीको नाम, थरः पदः हस्ताक्षरः
स्वास्थ्य संस्थाको नामः काउन्सिल दर्ता नम्बरः
उल्लिखित बमोजिम स्वास्थ्यकर्मी घरमैं आई लाभग्राहीको स्वास्थ्य जाँच एवम् परीक्षण गर्नु भएको ठीक साँचो हो भनी हस्ताक्षर गर्ने लाभग्राही वा लाभग्राहीको संरक्षकको-

नाम, थरः हस्ताक्षर सम्पर्क नम्बरः

**तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।३१ गते बसेको बैठकले प्रस्तुत कार्यविधि पारित गरेकाले प्रमाणीकरण गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**गाउँपालिका अध्यक्ष**
**मितिः २०८०।०४।३२**



Scanned with CamScanner